**दंगीशरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेकुली, दाङ**
लुम्बिनी प्रदेश, नेपाल

प.सं:२०७७०७८
च.नं :

**दोश्रो पटक प्रकाशित मिति :२०७७/११/१०**

*पशुपालक कृषकहरुलाई आबस्यक मेशिनरी औजार/सामाग्रीका लागि आबेदन दिने बारेको सुचना ।*

प्रस्तुत विषयमा यस दंगीशरण गाउँपालिकाको आ.ब. २०७७०७८ को स्विकृत कार्यक्रम अनुसार व्यवसायिक पशुपालक कृषकहरुलाई तपशिल बमोजिमका मेशिनरी औजार/सामग्री बितरण कार्यक्रम रहेकोले यो सूचना प्रथम पटक प्रकाशित मिती(२०७७१०१६) भन्दा पहिले सम्बन्धित निकायमा दर्ता भएका तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यबसायिक पशुपालन फार्म/पशुपालक कृषक समुह/ पशुपालन सहकारी हरुले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयको पशुसेवा शाखामा कार्यालय समय भित्र निबेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । प्रक्रिया नपुगि तथा म्याद नाघि आयको निबेदन दर्ता हुने छैन । साथै यस सम्बन्धि थप जानकारीको लागि गाउँपालिकाको पशु सेवा शाखामा सर्म्पक गर्नुहून अनुरोध छ ।

| क्र.सं | कार्यक्रमको नाम | निबेदन दिने सक्ने ब्यबसायिक फार्म कृषक समुह/सहकारी | कैफियत |
|---|---|---|---|
| १ | दुग्ध उत्पादक कृषकहरुलाई मिल्क क्यान बितरण कार्यक्रम | दर्तावाल गाई वा भैसी फार्म | कस्तीमा ५ माउ दुधालु गाई वा भैसी हुनुपर्ने । |
| २ | दुग्ध उत्पादक कृषकहरुलाई पावर स्प्रे बितरण कार्यक्रम | दर्तावाल गाई वा भैसी फार्म | कस्तीमा ५ माउ दुधालु गाई वा भैसी हुनुपर्ने । |
| ३ | पशुपालक कृषकहरुलाई बिद्युतिय च्यापकटर बितरण | दर्तावाल गाई/भैसी/बाखा फार्म | कस्तीमा ५ माउ गाई वा भैसी वा २० वटा बाखा हुनुपर्ने । |
| ४ | पोर्टेबल डिपिङ ट्रयाकि बितरण कार्यक्रम | बाखापालक समुह/समिति/सहकारी | |

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :**

१.निबेदन (एक भन्दा बढि कार्यक्रम माग गर्न चाहानेले निबेदनमै कार्यक्रमको प्राथमिकिकरण गर्नुपर्ने छ )

२.सम्बन्धित निकायमा पशुपालन समुह /सहकारी/संस्था/समिति/पशुपालन फार्म दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

३.फार्म रहेको स्थानको (जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।

४.निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

५.फार्मको संरचना (पालिएका पशु समेत आउने गरि) को फोटो ।

६.कार्य समितिको निर्णयको प्रतिलिपि ।(सामुहिक फार्म, समुह,समिति वा सहकारी भए मात्र )

७.करचुक्ता गरेको रसिदको प्रतिलिपि ।

८.वडा कार्यालयको सिफारिस पत्र ।